


# युवा विकास कार्यक्रम



## परिकल्पना

युवाहरूले आर्थिक र सामाजिक रूपमा सक्रिय नागरिक बनि समुदायमा योगदान गर्ने



## उपलब्धिहरू

युवाहरूलाई सक्रिय र उत्थान्शील नागरिकको रूपमा ससक्त बनाउने तथा आर्थिक क्रियाकलापका लागि तयार पार्ने



## उपलब्धिहरू

- युवाहरूमा सकारात्मक सोच र रोजगारमुखी तथा उद्यमशीलताका सीपहरूको विकास हुनेछ
- बेरोजगार, उद्यममा नलागेका वा तालिम नपाएका युवाहरूको संख्या घट्नेछ
- युवाहरूसँग जीविकोपार्जनका माध्यमहरू हुनेछन्
- समुदायमा युवाहरूको सकारात्मक संलग्नता बढ्नेछ

## हामीले के हासिल गर्नेछौं ?



**४,०००**

किशोरकिशोरीहरु तथा युवाहरू सामाजिक तथा आर्थिक क्रियाकलापमा सक्रिय हुनेछन्



**१७५**

स्काइ क्लबहरू गठन भई क्रियाशील हुनेछन्



**५००**

सामुदायिक सेवा सिकाइ परियोजनाहरू युवाहरूको सक्रियतामा कार्यान्वयन गरिनेछ

दिगो विकास लक्ष्यहरू

८ मर्यादित काम र आर्थिक वृद्धि

## हामीले यो कसरी हासिल गर्छौं ?



युवा समूहहरू गठन तथा स्काइ क्लबको पाठ्यक्रम लागू गरी युवाहरूको आर्थिक सशक्तीकरण गरेर



कुनै व्यवसायको सुरुवात, उद्यमशील कार्यको सञ्चालन वा भविष्यमा गर्ने काम वा पेशाबारे योजना र प्राप्तिका लागि युवाहरूलाई अनुशिक्षण दिएर



व्यावसायिक सीप, सामुदायिक परिचालन तथा सीप र रोजगारीको अवसरमार्फत् युवाहरूको सशक्तीकरण गरेर

## हाम्रा विधिहरू

### स्काइ क्लब

जीवनोपयोगी सीप समूह र सामुदायिक सेवा सिकाइ परियोजना मार्फत् युवाहरूको सशक्तीकरण गर्ने

**मुख्य क्रियाकलापहरू**

- अति जोखिममा रहेका १६-२५ वर्ष उमेरका युवाहरू समावेश गरी स्काइ क्लब गठन
- युवाहरूको आर्थिक सशक्तीकरण र नेतृत्व सीप विकासका लागि स्काइ क्लबको १८ महिने कार्यक्रमको सहजीकरण गर्न क्लबहरूलाई सहयोग
- स्काइ क्लबका सदस्यहरूलाई सामुदायिक सेवा सिकाइ परियोजनाहरूको निर्माण तथा कार्यान्वयनमा सहयोग
- स्काइ क्लबहरूलाई महत्वपूर्ण सामाजिक सवालहरूमाथि समुदायमा प्रचारप्रसार तथा बहस पैरवीको सहजीकरणमा सहयोग गर्ने
- युवा क्लबहरूको जिल्ला स्तरीय सञ्जाल गठन गर्ने र सबलीकरण गर्ने

### व्यावसायिक सीप, साना व्यवसाय/उद्यममा सहयोग

रोजगारीका लागि आधारभूत तथा व्यावसायिक सीपहरूको विकास गर्ने

**मुख्य क्रियाकलापहरू**

- श्रमबजारको विश्लेषण गरी युवाहरूका लागि अवसरहरूको पहिचान गर्ने
- स्काइ क्लबहरूलाई सामाजिक उद्यमशीलता परियोजनाहरूको कार्यान्वयनमा सहयोग गर्ने
- स्काइ क्लबका सदस्यहरूलाई पेशागत योजना निर्माण गर्न, रोजगारीका अवसरहरू खोज्न र रोजगारीका अवसरहरूसँग सम्बन्धित तालिममा सहभागी हुन सहयोग गर्ने




### कार्य क्षेत्र

१. रुपन्देही २. लमजुङ
३. सुनसरी ४. मोरङ

info_nepal@wvi.org www.wvi.org/nepal @wvinpl @wvinepal @WVNepal